# खिजीदेम्वा गाउँपालिका
# खिजीफलाटे, ओखलढुंगा
# १ नं. प्रदेश, नेपाल


## स्थानीय राजपत्र

**खण्डः ५ संख्याः १ मितिः २०७९/०८/११**


**कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०७९ सालको कार्यविधि नं. –१**

# आमाघर पुनःस्थापना केन्द्र सञ्चालन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/०७/२४

प्रमाणिकरण मितिः २०७९/०८/११

**प्रस्तावना :** खिजीदेम्बा गाउँपालिका भित्र रहेका अशक्त, असहाय, जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति, असहाय एकल महिला, आफ्नो स्याहार आफैं गर्न नसक्ने, सहारा-विहिन बालबालिकाको सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गर्ने हेतु खिजीदेम्बा गाउँपालिकामा आमा घर पुनःस्थापना केन्द्रको स्थपना गरी सञ्चालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ र सामाजिक सुरक्षा ऐन २०७५ को दफा २७ बमोजिम खिजीदेम्बा गाउँपालिका, गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम **" खिजीदेम्बा गाउँपालिका आमा घर पुनःस्थापना केन्द्र सञ्चालन कार्यविधि , २०७९"** रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाले पारित गरी स्थानीय राज-पत्रमा प्रकाशित गरेपछि लागु हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "गाउँ कार्यपालिका" भन्नाले खिजीदेम्बा गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "गाउँपालिका" भन्नाले खिजीदेम्बा गाउँपालिकालाई सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले खिजीदेम्बा गाउँपालिको अध्यक्षलाई सम्झनुपर्छ ।

(घ) "स्थानीय अधिकारी" भन्नाले खिजीदेम्बा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) व्यवस्थापन प्रमुख भन्नाले दफा ११ बमोजिम नियुक्त कर्मचारीमध्येबाट तोकिए बमोजिमको प्रमुख कर्मचारीलाई जनाउनेछ ।

(ङ) "केन्द्र" भन्नाले खिजीदेम्बा गाउँपालिकाले आर्थिक रुपमा पिछडिएका, सामाजिक रुपमा अपहेलित, शारीरिक एवं मानसिक रुपमा अशक्त, अपाङ्गता भएका व्यक्ति, अशक्त असहाय जेष्ठ नागरिक, एकल महिला एवं असहाय बालबालिकाहरुको लागि सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने उद्देश्यले सञ्चालन भएको आमाघर पुनः स्थापना केन्द्रलाई सम्झनु पर्छ ।

(च) "सञ्चालक समिति" भन्नाले आमा घर पुनःस्थापना केन्द्र सञ्चालन गर्न गठन भएको सञ्चालक समितिलाई सम्झनुपर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिले व्यवस्था गरी तोकिएको भन्ने सम्झनु पर्दछ ।

**३. स्थापना तथा उद्देश्यः**

१. असहाय जेष्ठ नागरिक, अनाथ, असहाय अशक्त, पुर्ण अशक्त, अति अशक्त अपाङ्गता भएका व्यक्ति तथा गम्भीर

मानसकि स्वास्थ्य समस्या भएका व्यक्तिहरुको सामाजिक सुरक्षा गर्ने,

२. समाजबाट अपहेलित असहाय व्यक्तिको पुनःस्थापना एवं सामाजिकीरकण गर्ने,

३. असहाय जेष्ठ नागरिक, अनाथ, एवं अपाङ्गता भएका व्यक्तिहरुको हित संरक्षण गर्ने,

**४. समिति हुने :** १. आमा घर पुनःस्थापना केन्द्र सञ्चालनको लागि देहाय बमोजिमको एक समिति रहने छ। समिति एक उत्तरदायी, जवाफदेही र अविछिन्न उत्तराधिकारवाला हुने छ।

(क) गाउँपालिका अध्यक्ष, संरक्षण संयोजक

(ख) उपाध्यक्ष, सदस्य

(ग) सम्बन्धित वडाको वडा अध्यक्ष, सदस्य

(घ) इलाका प्रशासन कार्यालय प्रमुख सदस्य

(ङ) इलाका प्रहरी कार्यालय प्रमुख सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख , सदस्य

(छ) मेडिकल अधिकृत, सदस्य

(ज) सम्बन्धित क्षेत्रमा काम गर्ने गैर-सरकारी संस्था मध्येबाट संरक्षण संयोजकले तोकेको एक जना, सदस्य

(झ) गाउँ कार्यपालिका सदस्यमध्ये अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, दलित, महिला सदस्य मध्येबाट

अध्यक्षले सिफारिस गरेको कम्तीमा १ जना महिला पर्ने गरी २ जना, सदस्य

(ट) प्रमुख प्रशासकीय अधिकृत, सदस्य सचिव

**५. समितिको काम कर्तव्य र अधिकारः**

(क) आमा घर पुनःस्थापना केन्द्र सञ्चालनको लागि वार्षिक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) आमा घर पुनःस्थानपा केन्द्र सञ्चालनको लागि आवश्यक कोष तथा बजेटको व्यवस्था गर्ने,

(ग) आमा घर पुनःस्थापना केन्द्र सञ्चालनका लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने,

(घ) आमा घर पुनःस्थापना केन्द्रको अनुगमन गर्ने,

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था तथा दाताहरुसँग समन्वय गर्ने,

**६. केन्द्रको सम्पत्तिः** (१) आमाघर पुनःस्थापना केन्द्रको चल-अचल सम्पत्ति गाउँपालिकाको स्वामित्वमा रहनेछ ।

(२) उपदफा १ बमोजिमको सम्पत्ति सञ्चालक समितिले दुरुपयोग गरेमा दुरुपयोग गर्ने संस्था वा व्यक्तिलाई कार्यपालिकाको निर्णय बमोजिम कारवाही गर्न सक्नेछ ।

**७. संस्थाको कोष स्थापना एवं खाता सञ्चालन :**

१. आमा घर पुनःस्थापना केन्द्र सञ्चालन गर्न गाउँ कार्यपालिकाले केन्द्रको नाउँमा कोष स्थापना गरी

मान्यता प्राप्त कुनै पनि बैंकमा खाता सञ्चालन गर्ने छ ।

२. केन्द्रका लागि आवश्यक आर्थिक व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिका र सञ्चालन समितिको हुनेछ ।

३. केन्द्र सञ्चालनका लागि आवश्यक वार्षिक बजेट अनुमान गरी गाउँसभाले विनियोजन गर्नेछ र आमाघर सञ्चालन सम्बन्धि नीतिगत व्यवस्था गाउँपालिकाको नीति तथा कार्यक्रममा समावेश गरिनेछ ।

४. कोषको खातामा देहाय अनुसारको रकम हुने छ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम

(ग) गाउँपालिकाबाट विनियोजित रकम

(घ) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरुप प्राप्त रकम

(ङ) विदेशी संघ संस्थाबाट प्राप्त रकम

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम

५. कोषको रकम आमाघर पुनःस्थापना केन्द्रको खातामा रहनेछ । खाता सञ्चालन देहाय अनुसार हुनेछ ।

(क) संचालक समितिको निर्णय

(ख) सदस्य सचिवको सही अनिवार्य

(ग) कार्यालयको व्यवस्थापन प्रमुखको सही

८. **सीप विकास, स्वरोजगारी एवं सामाजिकीकरणः** १. आमा घर पुनःस्थापना केन्द्रले आमाघरमा आश्रितहरुका लागि स्वरोजगार एवं आयआर्जनको व्यवस्था गर्ने छ ।

२. उपदफा (१) बमोजिम गर्न आमाघरले आश्रितहरुको क्षमता तथा सीप विकासका लागि अन्य संघ संस्थासँग समन्वय, सहजीकरण गर्ने छ ।

३. आमाघरमा आश्रितहरुबाट उत्पादित वस्तुहरुको प्रवर्द्धन तथा बजारीकरणका लागि सञ्चालक समितिले सहजीकरण गरिने छ ।

४. सीप विकास, स्वरोजगार मार्फत आश्रितहरुको सामाजिक पुनःस्थापना गर्न प्रयत्न गरिने छ ।

९. **निवेदन दिनुपर्ने :** (१) आमाघर पुनःस्थापना मेन्द्रमा आश्रय लिने व्यक्तिले आमाघरको संरक्षणमा रहन निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको निवेदन अनुसूची २ बमोजिमको हुनुपर्ने छ ।

१०. **मञ्जुरीनामा लिनुपर्नेः** (१) आमाघर पुनःस्थापना केन्द्रमा रहने जेष्ठ नागरिक, अशक्त, असहायहरुलाई आमाघर पुनःस्थापना केन्द्रको रेखदेखमा राख्न सम्बन्धित परिवारबाट मञ्जुरीनामा लिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको मञ्जुरीनामा अनुसूची ३ बमोजिम हुनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम मञ्जुरीनामा दिने व्यक्ति वा परिवार नभएको व्यक्तिको हकमा सम्बन्धित वडाको जनप्रतिनिधि र स्थानीयको रोहवरमा आमाघर पुनःस्थापना केन्द्रमा रेखदेखमा राख्न सकिनेछ ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि बेवारिसे अवस्थामा फेला परेकाको हकमा आमाघरमा ल्याई राख्न बाधा पर्ने छैन ।

**११. प्राथमिक स्वास्थ्य सेवा :** आमाघर पुनःस्थापना केन्द्रमा आश्रितहरुका लागि स्वास्थ्यको रेखदेख एवं प्राथमिक उपचारको व्यवस्था हुनेछ ।

**१२. कर्मचारी सम्बन्धी व्यवस्था:** (१) केन्द्र सञ्चालन गर्न सञ्चालन समितिले आवश्यकता अनुसार कर्मचारीको व्यवस्था गर्नेछ ।

(२) कर्मचारीको दरबन्दी, सेवा शर्त र सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

(३) कर्मचारी नियुक्ति सम्बन्धि कार्य गाउँपालिकाको कर्मचारी व्यवस्थापन कार्यविधि बमोजिम हुनेछ ।

**१३. लेखापरिक्षण**: केन्द्रको लेखापरिक्षण गाउँपालिकाको प्रचलित ऐन, कानून तथा कार्यविधि अनुसार हुनेछ ।

**१४. निर्देशन दिने :** गाउँकार्यपालिकाले सञ्चालक समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**१५. मापदण्ड बनाउने अधिकारः** (१) यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले छुट्टै मापदण्ड बनाउन सक्नेछ ।

(२) कर्मचारी परिचालन सम्बन्धमा यस कार्यविधि अनुसार आचार संहिँता निर्माण गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउ :** (१) कार्यविधि अनुसार कार्यसम्पादनका क्रममा कुनै पनि बाधा-अड्काउ फुकुवा गर्नु परेमा कार्यपालिकाको निर्णय बमोजिम गरिनेछ ।

(२) केन्द्रसंग सम्बन्धित कुनै विवाद आएमा कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

**१७. निष्कृय हुने :** यस कार्यविधिमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

**१८. अभिन्न अंग मानिने :** यस कार्यविधिलाई गाउँपालिकाको अभिन्न अंग मानिनेछ ।

**आज्ञाले**
**(डम्बरबहादुर रजनमगर)**
**(प्रमुख प्रशासकीय अधिकृत)**

## अनुसूची - १

संस्थाको लोगो तथा छाप

१. दुःखी असहाय बृद्धा महिलालाई दुई हत्केलाको संरक्षण गरेको स्केच
२. लोगोको माथिबाट आमाघर र सानो अक्षरमा पुनःस्थापना केन्द्र
३. अन्तिम लाइनमा ठेगाना र स्थापना मिति

## अनुसूची - २

आमाघरमा अश्रय लिने निवेदनको ढाँचा

मिति : ..................

श्री कार्यालय प्रमुख ज्यू,
आमाघर पुनःस्थापना केन्द्र

विषय : आश्रय पाउँ ।

महोदय,

म .................. गा.पा. ⁄ न.पा. वडा नं. ...... निवासी वर्ष ..... को ...................................... शारीरिक ⁄ मानसिक रुपमा ............................................ भएको व्यक्ति भएको तथा मेरो घर ⁄ परिवारमा मलाई सहयोग ⁄ सहायता ⁄ हेरजिचार गर्ने कोही पनि सहयोगी नाता ⁄ गोता ⁄ आफन्त नभएको र म आफ्नो स्याहार आफैं गर्न नसक्ने व्यक्ति भएको हुँदा यस आमाघर पुनःस्थापना केन्द्रमा आश्रय लिई बस्न पाउँ भनी यो निवेदन पेश गरेको छु । हजुरको जो आज्ञा ..................................... ।

निवेदक
नाम, थरः ....................
दस्तखत : ....................

## अनुसूची - ३

दफा ९ को उपदफा (२) सँग सम्बन्धित
आमाघरमा आश्रय लिने व्यक्तिको/परिवारको मञ्जुरीनामाको ढाँचा

...................... जिल्ला .......................... गाउँ/नगरपालिका वडा नं. .......... बस्ने वर्ष .............. को श्री ........................ ले निज एक अशक्त असहाय/अपाङ्गता भएको व्यक्ति भएको तथा निजको घर/परिवारमा हेरचाह/सहयोग गर्ने कोही पनि सहयोगी नभएकोले यस आमाघर पुनःस्थपना केन्द्रमा आश्रय पाउँ भनी निवेदन दिएको हुँदा निजले यस आमाघरमा आश्रय लिई आमाघरको रेखदेख एवं हेरचाहमा रहे/बसेमा मेरो/हाम्रो तर्फबाट कुनै पनि आपत्ति नरहेको तथा निज यस आमाघर पुनःस्थापना केन्द्रमा बसेमा मेरो/हाम्रो पूर्ण मञ्जुरी छ । पछि गएर कुनैपनि किसिमको दावी वा विरोध गर्नेछैन । यदि गरेमा यसै मञ्जुरीनामालाई आधार मानी बदर होस ।

मञ्जुरीनामा दिने व्यक्ति/परिवार को

नाम : ................

ठेगाना : .................

नाताः ...................

हस्ताक्षर : ..........................

आमाघरको तर्फबाट :

नामः ..................

पदः ..................

हस्ताक्षरः..................

संस्थाको छापः ............